# समाचारपत्र–अप्रिल २०२४

## नेपालमा भारतका झलकहरु

### ३५ वटा एम्बुलेन्स र ६६ वटा स्कुल बस उपहारस्वरुप प्रदान







भारतीय राजदूतावास, काठमाडौंले नेपालका विभिन्न जिल्लाका स्वास्थ्य र शिक्षाको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुलाई ३५ वटा एम्बुलेन्स र ६६ वटा स्कुल बस उपहारस्वरुप प्रदान गर्यो । मिति २०८१ वैशाख २ गते भारतीय राजदूतावासमा आयोजना गरिएको कार्यक्रममा भारतीय राजदूत श्री नवीन श्रीवास्तवले नेपाल सरकारका माननीय अर्थमन्त्री श्री वर्षमान पुनको उपस्थितिमा उक्त एम्बुलेन्स तथा स्कुल बसका चाबी हस्तान्तरण गर्नुभयो । अर्थमन्त्री वर्षमान पुनले भारत सरकारको सहयोगमा नेपालमा सञ्चालित विभिन्न विकास सम्बन्धीका परियोजनाको सराहना गर्दै यसले दुई देशबीचको जनता–जनताबीचको सम्पर्क र द्विपक्षीय सम्बन्धलाई निरन्तर सुदृढ बनाउदै लैजाने बताउनुभयो । साथै यस्ता महत्वपूर्ण कार्यक्रम नेपाली जनताका लागि निकै फाइदाजनक हुने बताउनुभयो ।

थप जानकारी...

April 2024 © Embassy of India, Kathmandu.

# जनकपुरधाम सांस्कृतिक महोत्सवको दोस्रो संस्करण








भारतीय राजदूतावास, काठमाडौंस्थित स्वामी विवेकानन्द सांस्कृतिक केन्द्र, भारतको महावाणिज्य दूतावास,वीरगंज र बीपी कोइराला भारत–नेपाल फाउन्डेसनले नेपाली नयाँ वर्ष विक्रम सम्वत् २०८१ को अवसर पारेर मिति २०८१ वैशाख १ गते जनकपुरधाम सांस्कृतिक महोत्सवको दोस्रो संस्करणको आयोजना गर्यो । उक्त महोत्सव जनकपुरस्थित महेन्द्रनारायण निधि मिथिला सांस्कृतिक केन्द्रमा आयोजना गरिएको थियो । सो महोत्सवमा मधेश प्रदेशका प्रदेश सभा सदस्य, प्रतिष्ठित व्यक्तित्व र सञ्चारकर्मीहरुको सहभागीता रहेको थियो साथै दर्शकहरुको बाक्लो उपस्थिति रहेको थियो ।

थप जानकारी...

# खोटाङ जिल्लास्थित श्री शारदा माध्यमिक विद्यालयको उद्घाटन



'नेपाल–भारत विकास सहकार्य' अन्तर्गत भारत सरकारको नेरु. ३.६१ करोड आर्थिक सहयोगमा नेपालको खोटाङ जिल्लाको रावा बेसी गाउँपालिकास्थित श्री शारदा माध्यमिक विद्यालयको विद्यालय एवम् छात्रावास भवनको जिल्ला समन्वय समितिका प्रमुख श्री सन बहादुर राई, रावा बेसी गाउँपालिकाका अध्यक्ष श्री फटिक कुमार श्रेष्ठ र काठमाडौंस्थित भारतीय राजदूतावासका प्रथम सचिव श्री सुमन शेखरले मिति २०८० चैत्र २२ गते संयुक्त रुपमा उद्घाटन गर्नुभयो । यो भारत सरकारले नेपालका शैक्षिक तथा अन्य धेरै क्षेत्रमा अघि बढाएको ५५० भन्दा बढी उच्च प्रभाव सामुदायिक विकास परियोजना मध्येकै एक हो ।

थप जानकारी...

# श्री दिदिङ आधारभूत विद्यालयको विद्यालय भवनको निर्माण हेतु शिलान्यास






भारतीय राजदूतावास, काठमाडौंका प्रथम सचिव श्री अविनाश कुमार सिंह र चिचिला गाउँपालिकाका अध्यक्ष श्री पासाङ नुर्बु शेर्पाले नेपाल–भारत विकास सहकार्य अन्तर्गत भारत सरकारको आर्थिक सहयोगमा सङ्खुवासभा जिल्लाको चिचिला गाउँपालिका–३ मा उच्च प्रभाव सामुदायिक परियोजनाको रुपमा निर्माण हुने श्री दिदिङ आधारभूत विद्यालयको विद्यालय भवनको मिति २०८० चैत्र २६ गते शिलान्यास गर्नुभयो ।

थप जानकारी...

April 2024 © Embassy of India, Kathmandu.

# नेपालको दार्चुला जिल्लामा श्री गलैनाथ माध्यमिक विद्यालयको विद्यालय भवन निर्माण हेतु शिलान्यास







शैल्यशिखर नगरपालिकाका मेयर श्री बिजय सिंह धामी र भारतीय राजदूतावास, काठमाडौंका द्वितीय सचिव श्री प्रशान्त कुमार सोनाले नेपाल–भारत विकास सहकार्य अन्तर्गत भारत सरकारको नेरु. २.७३ करोड आर्थिक सहयोगमा उच्च प्रभाव सामुदायिक परियोजनाको रुपमा निर्माण हुने दार्चुला जिल्लाको शैल्यशिखर नगरपालिकास्थित श्री गलैनाथ माध्यमिक विद्यालयको विद्यालय भवनको मिति २०८१ वैशाख ६ गते शिलान्यास गर्नुभयो । उक्त कार्यक्रममा राजनीतिक प्रतिनिधि, सरकारी अधिकारी, समाजसेवी, विद्यालय व्यवस्थापनका प्रतिनिधि, शिक्षक/शिक्षिका, अभिभावक तथा विद्यार्थीहरुको पनि उपस्थिति रहेको थियो ।

थप जानकारी...

# दार्चुला जिल्लामा विद्यालय भवनहरुको शिलान्यास तथा उद्घाटन






दार्चुला जिल्लाको दुहुँ गाउँपालिकास्थित श्री जनविकास माध्यमिक विद्यालयको विद्यालय भवनको दुहुँ गाउँपालिकाका अध्यक्ष श्री नरेन्द्रबहादुर सिंह बडाल र भारतीय राजदूतावास, काठमाडौंका द्वितीय सचिव श्री प्रशान्त कुमार सोनाले मिति २०८१ वैशाख ७ गते संयुक्त रुपमा उद्घाटन गर्नुभयो । दार्चुलाको व्याँस गाउँपालिका–६ स्थित श्री हिमालय माध्यमिक विद्यालयका लागि निर्माण गरिने विद्यालय भवनको शिलान्यास पनि गरियो ।

थप जानकारी...

# चितवनमा ‘Embankment and Launching Apron Dhungre Khola River Training Works’ परियोजनाको उद्घाटन








‘नेपाल–भारत विकास सहकार्य’ अन्तर्गत भारत सरकारको आर्थिक सहयोगमा चितवनको खैरहनी नगरपालिकामा निर्माण गरिएको ‘Embankment and Launching Apron Dhungre Khola River Training Works’ परियोजनाको खैरहनी नगरपालिकाका मेयर श्री शशी कुमार खनिया र भारतीय राजदूतावास, काठमाडौंका प्रथम सचिव श्री अविनाश कुमार सिंहले संयुक्त रुपमा उद्घाटन गर्नुभयो ।

थप जानकारी...

# नेपालमा लगानी गर्ने भारतीय लगानीकर्ताका लागि पुस्तिका सार्वजनिक







नेपालका माननीय अर्थमन्त्री वर्षमान पुनले नेपाल लगानी सम्मेलन–२०२४ मा नेपालमा लगानी गर्ने भारतीय लगानीकर्ताहरुका लागि पुस्तिकाको तेस्रो संस्करण सार्वजनिक गर्नुभयो । उक्त कार्यक्रममा नेपाल लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत र नियोग उप–प्रमुख श्री प्रसन्न श्रीवास्तव उपस्थित हुनुहुन्थ्यो ।

थप जानकारी...

भारतीय राजदूतावास
काठमांडू, नेपाल
Embassy of India
Kathmandu, Nepal

# भारतीय व्यवसाय प्रतिनिधिहरुसँग अन्तरक्रिया









फेडेरेशन अफ इन्डियन चेम्बर अफ कमर्स एण्ड इन्डस्ट्री (एफआईसीसीआई), कन्फेडेरेशन अफ इन्डियन इन्डस्ट्री, पीएचडी चेम्बर अफ कमर्स एण्ड इन्डस्ट्री, इन्डियन चेम्बर अफ कमर्स र मिलेनियल इन्डिया इन्टरनेशनल चेम्बर अफ कमर्सबाट नेपाल लगानी सम्मेलनमा सहभागीता जनाएका ५२ जना भारतीय व्यवसायका प्रतिनिधिहरुसँग नेपालका लागि भारतीय राजदूत श्री नवीन श्रीवास्तवले मिति २०८१ वैशाख १५ गते अन्तरक्रिया गर्नुभयो । नेपाल लगानी सम्मेलन–२०२४ अगावै नेपाल फ्रेन्चाइज एण्ड डिस्ट्रिब्युशन शोमा २१ वटा भारतीय ब्रान्डले सहभागीता जनाएका थिए । भारतीय राजदूतावास, काठमाडौंका नियोग उप–प्रमुख श्री प्रसन्न श्रीवास्तवले प्रदर्शकहरुसँग अन्तरक्रिया गर्दै नेपाली व्यवसायहसँग विशेषगरी खाद्य तथा पेय पदार्थ र आतिथ्यता क्षेत्रमा सहकार्य गर्न अवसरहरुबारे जानकारी दिनुभयो ।

# भारतीय सेनाका लेफ्टिनेन्ट जनरल प्रदीप चन्द्रन नायर, पीभीएसएम, एभीएसएम, वाइएसएम, पीएचडी, डीजी असम राइफल्स, को नेपाल भ्रमण










भारतीय सेनाका लेफ्टिनेन्ट जनरल प्रदीप चन्द्रन नायर, पीभीएसएम, एभीएसएम, वाइएसएम, पीएचडी, डीजी असम राइफल्स नेपालको पाँच दिने औपचारिक भ्रमणका लागि मिति २०८० चैत्र २६ गते काठमाडौं आइपुग्नु भयो । लेफ्टिनेन्ट जनरल प्रदीप चन्द्रन नायरले भारतीय गोर्खा सैनिक निवास, काठमाडौं, पेन्सन भुक्तानी कार्यालय, पोखरा र पेन्सन भुक्तानी कार्यालय, धरानको भ्रमण गर्नुभयो साथै काठमाडौं, पोखरा र धरानमा नेपालमा बसोबास गरिरहेका भूतपूर्व गोर्खा सैनिक सम्मिलत र्‍यालीलाई सम्बोधन गर्नुभयो । वहाँले गोर्खा सैनिकको बहादुरीको प्रशंसा गर्दै उनीहरुको साहस र राष्ट्रप्रति देखाएको समर्पित भावको कदर गर्नुभयो । लेफ्टिनेन्ट जनरल प्रदीप चन्द्रन नायरले काठमाडौंस्थित भारतीय राजदूतावासमा नेपालका लागि भारतीय राजदूत महामहिम श्री नवीन श्रीवास्तवसँग भेटवार्ता गर्नुभयो । वहाँले नेपाली सेनाको मुख्यालय जङ्गी अड्डामा नेपाली सेनाका प्रधानसेनापति महारथी श्री प्रभुराम शर्मासँग शिष्टाचार भेटवार्ता गर्नुभयो ।

थप जानकारी...

# भारतीय विदेश सेवाका युवा अधिकारीहरुको अभिमुखीकरण भ्रमण







भारतीय विदेश सेवा (२०२३ ब्याच) का चारजना युवा अधिकारीहरु नयाँ दिल्लीस्थित सुषमा स्वराज विदेश सेवा संस्थान (एसएसआईएफएस) मा जारी प्रशिक्षण कार्यक्रमको एक हिस्साको रुपमा अभिमुखीकरण भ्रमणका लागि नेपाल आएका थिए । युवा अधिकारीहरुले मिति २०८१ वैशाख १८ गते माननीय उप–प्रधानमन्त्री तथा परराष्ट्रमन्त्री श्री नारायणकाजी श्रेष्ठसँग शिष्टाचार भेटवार्ता गरेका थिए । तत्पश्चात भारतीय युवा अधिकारीहरुले  युवा नेपाली परराष्ट्र सेवा अधिकारीहरुसँग नेपाल सरकार, परराष्ट्र मन्त्रालयमा अन्तरक्रिया गरेका थिए ।

# भरतनाट्यम डान्स मेकअपमा कार्यशाला “आहार्य”










भारतीय राजदूतावास, काठमाडौंस्थित स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रले मिति २०८० चैत्र १९–२१ गतेसम्म “आहार्य” नामक भरतनाट्यम डान्स मेकअप सम्बन्धी तीनदिने कार्यशालाको दोस्रो श्रृङ्खलाको आयोजना गर्यो । भरतनाट्यम नृत्य शिक्षिका डा. गौतमी कन्द्रपेटाले सञ्चालन गर्नुभएको सो कार्यशालामा कूल ११० विद्यार्थी साथसाथै भरतनाट्यम नृत्यप्रति अभिरुचि राख्ने नृत्यप्रेमीहरुले सहभागीता जनाएका थिए । कार्यशालामा विद्यार्थी तथा विभिन्न उमेर समूहका व्यक्तिहरुको सहभागीता रहेको थियो । कार्यशालामा सहभागीता जनाएका सहभागीहरुलाई एक विशेष समारोहबीच स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रकी निर्देशक डा.असावरी बापटले सहभागीताको प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

# आर्मी पब्लिक स्कुल (एपीएस) छात्रवृत्ति योजना अन्तर्गत छनौट भएका विद्यार्थीहरुका लागि अभिमुखीकरण कार्यक्रम





निर्धारण वर्ष २०२४–२०२५ का लागि नयाँ दिल्लीस्थित आर्मी पब्लिक स्कुल, नोयडास्थित आर्मी पब्लिक स्कुल र पिथौरागढस्थित जनरल बिसी जोशी आर्मी पब्लिक स्कुलका लागि आर्मी पब्लिक स्कुल (एपीएस) छात्रवृत्ति योजना अन्तर्गत छनौट भएका विद्यार्थीहरुका लागि भारतीय राजदूतावास, काठमाडौंले एक अभिमुखीकरण कार्यक्रमको आयोजना गर्यो । सो कार्यक्रम मिति २०८० चैत्र २६ गते दूतावासमा आयोजना गरिएको थियो जसमा विद्यार्थी र अभिभावकले उत्साहजनक सहभागीता जनाएका थिए ।

April 2024 © Embassy of India, Kathmandu.

# आइटेक एलुमनाइसँग अन्तरक्रियात्मक सत्र








राष्ट्रिय जल एकेडेमी, पुणेमा जलस्रोत विकास तथा व्यवस्थापनबारे कोर्ष गरेका २० जना नेपाली भारतीय प्राविधिक तथा आर्थिक सहकार्य (आईटेक) एलुमनाइका लागि भारतीय राजदूतावास, काठमाडौंले मिति २०८१ वैशाख १७ गते एक कार्यक्रमको आयोजना गर्यो । सहभागीहरुले राष्ट्रिय जल एकेडेमीले आयोजना गरेको एकेडेमिक सेसन र फिल्ड भिजिटमार्फत बटुलेका महत्वपूर्ण अन्तरदृष्टि तथा अनुभव एकअर्कासँग साटासाट गरेका थिए ।

April 2024 © Embassy of India, Kathmandu.

# गण्डकी प्रदेशको पोखरामा कन्सुलर क्याम्प





दूतावासमा भारतीय नागरिकहरुको पञ्जीकरण गर्न हेतु गण्डकी प्रदेशको पोखरा र आसपासका क्षेत्रमा बसोबास गरिरहेका भारतीय नागरिकका लागि भारतीय राजदूतावास, काठमाडौंले मिति २०८१ वैशाख १–२ गतेसम्म दुई दिने कन्सुलर क्याम्पको आयोजना गर्यो । पोखरा र आसपासका क्षेत्रमा ठूलो सङ्ख्यामा रहेका भारतीय नागरिकलाई क्याम्पमा कन्सुलर सेवा प्रदान गरिएको थियो ।

# 'वेणुनाद' साङ्गीतिक कार्यक्रम







मासिक कला सम्वाद श्रृङ्खलाकै एक हिस्साको रुपमा भारतीय राजदूतावास, काठमाडौंस्थित स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रले मिति २०८१ वैशाख १३ गते एक साङ्गीतिक कार्यक्रमको आयोजना गर्यो । प्रख्यात नेपाली सङ्गीतकार श्री रोशन पुतवारले 'वेणुनाद' नामक बाँसुरी वादन प्रस्तुत गरेका थिए । उक्त कार्यक्रममा कलाकारले ६०० वर्षभन्दा लामो इतिहास रहेको हिन्दुस्तानी शैलीको राग र तालमा आधारित भक्तिमय सङ्गीत 'दाफा' प्रस्तुत गरेका थिए । विभिन्न क्षेत्रका सङ्गीत प्रेमीसहित सङ्गीत स्रोताले हाउसफूल हुने गरी कार्यक्रममा उपस्थिति जनाएका थिए ।

April 2024 © Embassy of India, Kathmandu.

# यहाँ जानुभएको छ ?

## साँची स्तुपा



साँची स्तुपा युनेस्को विश्व सम्पदा स्थल हो र इतिहास र वास्तुकलामा रुचि राख्ने जो कोहीले पनि यसको भ्रमण अवश्य गर्नैपर्छ । साँची स्तुपा भारतको मध्य प्रदेश राज्यको रायसेन जिल्लाको साँची शहरमा पहाडको टुप्पोमा रहेको बौद्ध संरचना हो । यो स्तुपा जिल्ला सदरमुकाम रायसेन सहरबाट करिब २३ किलोमिटर र मध्य प्रदेशको राजधानी भोपालबाट ४६ किलोमिटर उत्तर–पूर्वमा अवस्थित छ । साँचीस्थित द ग्रेट स्तुपा भारतको सबैभन्दा पुरानो ढुङ्गाको संरचना मध्ये एक हो र भारतीय वास्तुकलाको महत्वपूर्ण निशानी हो । यसलाई मूलतः मौर्य सम्राट अशोक द ग्रेटद्वारा तेस्रो शताब्दी ईसा पूर्वमा बनाउन लगाइएको थियो ।

थप जानकारी...

April 2024 © Embassy of India, Kathmandu.